# नेपालमा भूमि सम्बन्धको विकास र कृषि संरचना

सुदीप श्रेष्ठ[1]

## १. विषय-प्रवेश

नेपालको इतिहास र विकासबारे चर्चा गर्दा प्रायः भन्ने गरिन्छः यो सतीले श्रापेको देश हो ! सन् १६३१ मा भीम मल्लकी श्रीमतीले आफ्नो श्रीमान्को चितामा बसेर आफूलाई बलिदान गर्दै दरवारको बुद्धि कहिल्यै पलाउँने छैन र यहाँ राम्रो कुराले बास पनि गर्ने छैन भनेर श्राप दिएकी थिइन । यो श्राप सत्ता केन्द्रित राजनीतिको क्रूरताबाट पीडित एक विधवाको भावनात्मक बहाव थियो । यो यस्तो घटना थियो जसमा एउटा विधवाका वफादार पति नीच राजनीतिको शिकार भएका थिए जसले सामान्य नागरिकलाई पनि लज्जित तुल्यायो । भीम मल्ललाई मृत्युदण्ड दिएको केही समयपछि राजा लक्ष्मीनरसिंह मल्ल पागल भए र अन्त्यमा सन् १६५७ मा उनको मृत्यु भयो । यस्तो विश्वास गरिन्छ कि यो सतीको श्रापकै परिणाम थियो (Levi, 2008, p. 170)।

आखिर किन त मल्लकाल (सन् १२००-१७६९) का राजा लक्ष्मीनरसिंह मल्लले आफ्ना विद्वान र वफादार काजी भीम मल्ललाई मृत्यु दण्ड दिए त ? त्यसबाहेक जंगबहादुरलाई मार्ने षड्यन्त्र किन गरियो ? रणोद्दीपलाई उनका भतिजाले किन मारे ? राजा वीरेन्द्रको वंश नाश किन भयो? यस्ता हत्या, विद्रोह र षड्यन्त्रका घटना किन घट्ने गर्छन् ? कहीं न कहीं यसको सम्बन्ध भूमिको अर्थ-राजनीतिसंग रहेको देख्न सकिन्छ ।

## २. नेपालमा भूमि सम्बन्धको विकास र भूमिको अर्थ-राजनीति

मानव सभ्यताको विकासको इतिहासमा भूमिको महत्वपूर्ण स्थान र भूमिका छ । सामन्ती कालमा पनि भूमिको विशेष महत्व हुने नै भयो, यद्यपि पुँजीवादमा यसको महत्व घटेको छैन । बरु अत्याधिक व्यावसायीकरण र स्पेकुलेशनका कारण यसको मूल्य एकदम आकाशिंदै गएको छ । यसको मुख्य कारण भूमिको स्वामित्वले प्रतिष्ठा, समृद्धि र शक्तिको प्रतीक तथा उत्पादनका साधनमाथिको नियन्त्रण देखाउँनु हो (Regmi, 1976, p. 1)। योग्यता र वरिष्ठताको मूल्याङ्कन नभएको युगमा चालचलन र अनैतिकताको प्रभाव बलियो हुन्छ । छल र षडयन्त्र नै राजनीतिको मुख्य हतियार हुने गर्दछ । यस सन्दर्भमा लर्ड नेल्सनका यी शब्दहरू निकै सान्दर्भिक देखिन्छन्: दरबारी राजनीतिक चालचलनहरू यति नीच हुन्छन् कि आम नागरिकले यो बाटोमा हिँड्न लज्जा महसुस गर्छन् । त्यसैले राजनीतिलाई छलको खेल भनिन्छ जहाँ इमानदारी, धर्म र नैतिकताको बलिदान गरिन्छ (Rana, 2020, pp. 45–46)।

नेपालको भूमि सम्बन्धको विकासमा प्राकृतिक (भौगोलिक) र त्यसपछि राजनीतिक गरी दुईवटा महत्वपूर्ण कारणले प्रभाव पारेको देखिन्छ । नेपाल प्राकृतिरुपमा भूपरिवेष्ठित देश हो र गोरखाका राजा एवं आधुनिक नेपालका संस्थापक पृथ्वीनारायण शाहका अनुसार यो दुई ढुङ्गा (दुई ठूला राष्ट्र चीन र भारत) बीचको तरुल हो (Shah, BS 2053, p. 28)। नेपाललाई उत्तरदेखि दक्षिणसम्म हिमालय, हिमाल र तराई भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । भौगोलिक क्षेत्र नै नेपालको विकासका जटिल अवरोधहरू र स्थानीय जनसंख्याको असमान आर्थिक वृद्धिमा भेदभावको मुख्य स्रोत हुन पुगेको छ ।

---

१ उप-प्राध्यापक, अर्थशास्त्र, त्रिभुवन विश्वविद्यालय

नेपालमा सामन्ती शासनको इतिहास २००० वर्षभन्दा पुरानो देखिन्छ, जसको संस्थागत विकास राजा मानदेव प्रथम (सन् ४६४-४९१) (Pushpalal, 2073 BS) को शासनकालदेखि भएको मानिन्छ। गोरखाका राजा पृथ्वीनारायण शाहको पहलमा सन् १७४३ मा शुरु भएको गोरखा राज्यको विस्तारदेखि २५ सेप्टेम्बर १७६८ मा भक्तपुरको विजयसम्मको आधुनिक एवम् एकीकृत सामन्ती नेपालको निर्माणको अवधिमा गोपाल भूमिको सम्बन्धले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। शाह वंशको प्रत्यक्ष शासन (सन् १७६८-१८४६) र राणा शासन (१८४६-१९५१) को समयमा पनि राज्य संयन्त्रको रूपमा भूमि व्यवस्थापनले महत्वपूर्ण भूमिका खेलेको थियो। राज्यको ढुकुटीको मुख्य आधार तराई र पहाड दुवैतर्फ कृषि उत्पादनमा लगाइने कर नै थियो। नेपाल र ब्रिटिस-भारत बीचको सम्बन्ध र नेपालको भौगोलिक सीमाहरू सुगौली सन्धि (मार्च ४, १८१६) (Whelpton, 2012) द्वारा तय गरिएको थियो। स्थानीय सामन्ती शासक, राजा र महाराजाहरूले विजयी भएका प्रदेश र राज्यको जग्गा पुजारी, सिपाही, भारदार, कर्मचारी, गुम्बा, मजदुर, किसान र अन्यलाई बिर्ता, गुठी, किपट, राज्य, रकम, झारा, आदिका रूपमा दिने गर्दथे। जग्गामा रहेको व्यक्तिगत सम्पत्तिलाई राज्यले मान्यता दिएको थियो। यसप्रकारको जग्गा वितरणले आर्थिक असमानता र गरीबी पनि निम्त्यायो (Regmi, 1976)।

नेपाल एकीकरण (सन् १७६८), कोत पर्व (सन् १८४६), सुगौली सन्धि (सन् १८१६) र राणा शासन (१८४६-१९५१) जस्ता राजनीतिक घटनाहरूले साना सामन्ती राज्यहरूलाई मात्रै सुदृढ पार्ने काम गर्‍यो। सामन्ती राज्य राजा मानदेवको पालादेखि वा दुई हजार वर्षअघिदेखिनै अस्तित्वमा थियो, जसले गर्दा नेपालको कृषि प्रणाली र भू-उपयोग नीतिमा उल्लेखनीय प्रभाव पारेको थियो। कम नगद मुद्रामा आधारित भएको अर्थतन्त्र अर्थात् सामन्ती व्यवस्था अन्तर्गत शासन संचालन गर्न र आफ्ना दाजुभाइ, मातहतका भारदार, सेना, तथा अन्य समूहहरूलाई एकताबद्ध गर्न सामन्ती शासकहरूले कुशलतापूर्वक भूमि प्रणाली अन्तर्गत बिर्ता, जागिर, गुठी, किपट, जमिदारी, उखडा, रैकर, रकम, झारा, आदि लगायत अन्यलाई प्रयोग गरे।

तत्कालीन नेकपा (माओवादी) ले सुरु गरेको जनयुद्ध (सन् १९९६-२००६) को दुई वर्षपछि प्रकाशित नेपाल मानव विकास प्रतिवेदन सन् १९९८ ले त्यसबेलाको नेपाली अर्थतन्त्रको प्रकृति वर्णन गरेको छ। उक्त प्रतिवेदन अनुसार नेपालको अर्थतन्त्रको आधारभूत संरचना र प्रवृत्तिहरू कृषिमा धेरै निर्भर थिए र कृषियोग्य भूमिको वितरण असमान थियो। कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको हिस्सा बढ्दै गएको भए तापनि विगत दुई दशकमा प्रतिव्यक्ति कृषि जीडीपी वृद्धि भएको थिएन। नेपालको कूल जनसंख्या मध्ये ८८% जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्ने हुनाले गरीबीको प्रकृति पनि अत्यधिक ग्रामीण प्रकृतिकै थियो। सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा गरीबीको दर साढे दुई गुणा बढी रहेको थियो। तथापी, सहरी क्षेत्रमा सेवा क्षेत्रको एकाग्रताले सहरी जनतालाई फाइदा पुगेको थियो। सम्पत्ति र आयको असमान बाँडफाँडहरूको प्रतिबिम्ब शिक्षा, स्वास्थ्य, पोषण, र जीवनयापनका लागि चाहिने अन्य सुविधा तथा अवसरहरूमा देखिन्थे (Nepal South Asia Centre [NESAC], 1998) .

दोस्रो महायुद्धपछि विश्वका अन्य भागमा जस्तै नेपालमा पनि रुसी (सन् १९१७), भारतीय (१९४७) र चिनियाँ (१९४९) क्रान्तिहरूको प्रभाव पर्‍यो। सन् १९४० को दशकको उत्तरार्धमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेस दुबैले आफ्नो घोषणापत्र र नीतिहरूमा भूमिको अनुचित बाँडफाँड जस्ता कृषि मुद्दाहरू उठाए (Gautam, 2005, pp.583–595, 616–624; K.C., 2001, pp. 222-223)। नेपाल कम्युनिष्ट पाटी (२२ अप्रिल, १९४९) ले उब्जनी माथि किसानको आधी अधिकारको नारा अघि सार्‍यो। त्यसैगरी, यसको घोषणापत्रमा (सेप्टेम्बर १५, १९४९) मानिसहरूलाई दास बन्न नभई हिमाल, नदी, खोला र जमिनको मालिक बन्न आग्रह गर्‍यो र जमिन जोत्नेको सहित छवटा महत्त्वपूर्ण मागहरू अघि सार्‍यो (UCPN-M, 2013).

सन् १९४० को दशकदेखि सामन्तवादको उन्मूलन र सामाजिक आर्थिक रूपान्तरणको लागि प्रमुख राजनीतिक, सामाजिक र आर्थिक एजेण्डाको रूपमा बारम्बार असफल भएको भूस्वाभित्व र क्रान्तिकारी भूमिसुधारको एजेण्डालाई राजा ज्ञानेन्द्रको निरंकुश प्रत्यक्ष शासनको पतनपछि सात राजनीतिक दल सम्मिलित तत्कालीन सरकार र नेकपा (माओवादी) बीच १२ नोवेम्भर २००६ मा भएको विस्तृत शान्ति सम्झौता (*Comprehensive Peace Accord*, CPA, 2006) एजेण्डाले पूनः सम्बोधन गऱ्यो । यो शान्ति सम्झौताले राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापनको लागि सामन्तवादी व्यवस्थाको अन्त्य गरी वैज्ञानिक भूमिसुधार कार्यक्रम मार्फत सुकुम्बासी, कमैया, हलिया, हरुवा, चरुवा र आर्थिक रूपमा पिछडिएका वर्गहरूलाई जग्गा र अन्य संरक्षण दिने नीति तय गऱ्यो [Government of Nepal (GoN), 2006]। यस अघि पनि क्रान्तिकारी भुमिसुधारको मुख्य नारा 'भूमि जोत्नेको' (Land to the tiller) को लागि सन् १९४० दशकदेखि सन् १९९० सम्म विभिन्न सानाठूला किसान आन्दोलनहरू नभएका होइनन् । जस्तै अखिल नेपाल किसान संघले सन् १९५२ मा संचालन गरेको चर्चित किसान आन्दोलन जसको नेतृत्व पश्चिम नेपालमा भीमदत्त पन्तले गरेक थिए । सन् १९५२ मा रौतहटका गरीब र भूमिहीन किसानहरूले गरेको तमसुक च्यात्ने आन्दोलन बन्धकपत्र नष्ट गर्न थाले । त्यसैगरी, भूमि अधिकार, सामाजिक मर्यादा, प्रतिष्ठा र स्वाभिमानको लागि सन् १९५२-१९५३ मा रौतहट र बारा जिल्लामा 'रे नही, जी कहो' भन्ने नाराका साथ शुरू भएको तमसुक च्यात्ने आन्दोलन महत्वपूर्ण थियो । त्यस्तै, सन् १९७०-७१ को झोडा आन्दोलन, सन् १९७४ को बर्रे आन्दोलन, सन् १९७८ को जुगेडी आन्दालन, आदि पनि महत्वपूर्ण किसान आन्दोलनहरू थिए (Karki, 2002)।

## ३. नेपालको अर्थतन्त्र र कृषि संरचनामा भूमिको अर्थ-राजनीतिको प्रभावः

पंचायत कालमा राजा महेन्द्रद्वारा बहुप्रचारित सन् १९६४ मा लागू गरेको भूमि ऐन (भूमि सुधार) ले यथास्थितिलाई थोरै परिवर्तन गरे तापनि नेपाली समाजको सामाजिक-आर्थिकरूपान्तरणमा कुनै तात्विक परिवर्तन ल्याउन सकेन । यसको पहिलो कारण यो थियो कि धेरैजसो उत्पादकहरूसँग कुनै न कुनै कारणवश भूमिमाथि उनीहरूको स्वामित्व स्थापित भएको थियो । अर्को तर्फ, भूमि ऐनका प्रस्तावहरूले भूमिको निजी अधिकारको अवधारणामाथि कहिल्यै प्रश्न उठाएनन, विशेष गरी पहाडी क्षेत्रहरूमा जहाँ ठूला जमिन्दारहरू थोरै थिए र तिनीहरूको प्रभाव अपेक्षाकृत सीमित थियो । दोस्रो कारण थियो भूमि हदबन्दी सम्बन्धमा केन्द्रीय नीति लागू गर्नमा सरकारको असक्षमता । यो कमजोरी यो तथ्यले पनि देखाउँछ कि भूमि सुधार, १९६४ (वि.सं. २०२१) को कार्यान्वयनको चार वर्षपछि सन् १९६८-१९७२ को मध्यतिर सरकारले हदबन्दीभन्दा बढी १४६,००० र ५६,००० एकड भूमिमात्र पुनर्वितरण गर्न सक्यो (Blackie, Cameron, & Seddon, 2000, pp. 16–17) .

विश्व बैंक (WB, 2017) रिपोर्ट अनुसार, नेपालको वर्तमान विकासको इतिहास विरोधाभासले जेलिएको छ । यसको अर्थ हो अर्थतन्त्रमा सामान्य वृद्धि तर तीव्र गरिबी न्यूनीकरण, जुन अन्य देशहरूको तुलनामा ठीक उल्टो देखिन्छ । अर्थात् द्रुत वृद्धि तर सामान्य गरीबी न्यूनीकरण । विगत सात वर्षमा गरीबी झण्डै आधाले घटेको र आय असमानतामा कमिका बाबजुद नेपाल अझै पनि एसियाकै सबैभन्दा गरीब र सुस्त गतिमा बढिरहेको अर्थतन्त्र मध्येको एक हो . सन् १९७०-२०१४ को अवधिमा यसको औसत वार्षिक वृद्धि दर ४% थियो भने प्रतिव्यक्ति वृद्धि दर आय दक्षिण एशियामा सबैभन्दा कम थियो अर्थात् औसत मात्र २% .नेपालको अर्थतन्त्र अझै पनि कृषिमा धेरै निर्भर छ तर विस्तारै कूल ग्रार्हस्थ उत्पादन GDP, जीडीपी ) मा कृषिको अंश घट्दै गएको छ । GDP मा सेवा क्षेत्रको हिस्सा कृषि र औद्योगिक क्षेत्रभन्दा बढी छ । कृषिको GDP मा योगदान सन् १९७५ र सन् २०१९ को बीचमा ६१.३% बाट २७% मा रूपमा घटयो । उद्योगको GDP मा योगदान सन् १९७५ मा १०.३% थियो भने सन् १९९५ मा १९.४% पुग्यो । तर २०१९

मा १५.२% मा झर्‍यो . समयसँगै GDP को वृद्धि सेवा क्षेत्रमा मात्र भएको छ, जुन सन् २०१९ मा ५७.८% पुग्यो (Bajracharya, Manandhar, & Bajracharya, 2019) .

नेपालको सम्भावित क्षमताको तुलनामा जलविद्युतको उत्पादन एकदमै न्यून छ । यो पनि न्यून औद्योगिकीकरणको एउटा कारण हो । जसका कारण रोजगारीको अभाव छ । समयपूर्व गैर-उद्योगीकरणको कारण (*premature deindustrialization*) (Rodrik, 2004 ) ठूलो संख्यामा मानिसहरू वैदेशिक रोजगारीका लागि पलायन भइरहेका छन् । रेमिट्यान्स आप्रवाहको मुख्य स्रोत, नेपाली अर्थतन्त्रको मुख्य आधार विप्रेषण बनेको छ । यसको सामाजिक लागत भए पनि रेमिट्यान्सका कारण गाउँपालिकाको जीविकोपार्जन बढेको छ भने गरीबीको स्तर केही हदसम्म घटेको छ । अर्कोतर्फ, रेमिट्यान्सले वित्तीय क्षेत्रहरूलाई उर्जा दिइरहेको छ फलस्वरूप व्यापारिक पुँजी (*Merchant Capital)* वा, राजनीतिक नाराका रूपमा दलाल पुँजी, (*Compradore Capital*) वृद्धि भएको छ । यसले गर्दा सेवा क्षेत्र फस्टाएको छ । व्यापार घाटा बढेको छ । तर चालू खाता घाटा सुधार भएको छ र भुक्तानी सन्तुलन उल्लेख्य रूपमा बढेको छ । यो सबै रेमिट्यान्सको कारणले मात्र हो । कृषि, ऊर्जा, उद्योग, वैदेशिक रोजगारी र वित्तीय क्षेत्रका लागि स्वीकृत र स्थापित नीति तथा ऐनले जनताको सामाजिक आर्थिक स्थितिमा सुधार ल्याउन सकेन, जसले गर्दा यी नीतिहरूले प्रभावकारी रूपमा काम गर्न नसक्ने सङ्केत गर्दछन् (Shrestha, 2019) ।

## ४. निष्कर्ष

नेपालमा भूमि सम्बन्धको विकास र कृषि संरचना रेमिट्यान्स अर्थतन्त्रसँग सम्मिलित छ । डेनियल थर्नरको शब्दमा कृषिको यो संकटलाई बिल्ट-इन डिप्रेसर (*Built-in depressor*) (Patnaik, 2001, p. 17) को रूपमा अर्थ्याउन सकिन्छ । सन् १९८५ देखि नेपालमा लागू भएको नवउदारवादी आर्थिक नीतिले नेपाली समाजको सामाजिक-आर्थिक रूपान्तरणमा उल्लेख्य प्रगति गर्न सकेको छैन । सन् १९४० को दशकदेखिको प्रमुख राजनीतिक-सामाजिक-आर्थिक एजेन्डाहरू (क्रान्तिकारी भूमिसुधार सहित पूर्ण रूपमा सामन्तवादको उन्मूलन र सामाजिक आर्थिक रूपान्तरण) बारम्बार असफल भएका छन् । नेपाली समाजमा आमूल परिवर्तन हुन नसक्नुका मुख्य कारणहरू यसरी औंल्याउन सकिन्छः राजनीतिक दलहरूले सत्ता प्राप्त गरेपछि जमिन जोत्नेको भन्ने क्रान्तिकारी तथा वैज्ञानिक भूमिसुधारका नारा तथा किसान-हित र भूमिहीनहरूलाई बिर्से । यी नाराहरू किसानलाई मात्र लोभ्याउन र आकर्षित गरी दलहरूले सत्ता प्राप्तिको सिढीमात्र बनाएको देखिन्छ । राजनीतिक-सामाजिक-आर्थिक रूपान्तरण हुन नसक्नाका कारणहरूलाई यसरी पनि औंल्याउन सकिन्छः पहिलो, नेतृत्व वर्गमा मार्क्सवादी सिद्धान्तलाई सफलतापूर्वक लागू गर्ने लेनिनको जस्तो असाधारण क्षमताको अभाव । लेनिनको अप्रिल थेसिस (Lenin, 2017) क्रान्तिकारी भूमिसुधारको एक ज्वलन्त नमूना हो । यसको अतिरिक्त, अधिकांश नेताहरू उच्च, मध्यम र ब्राह्मण वर्गबाट आउँनु र एक पटक राज्यसत्ताको उच्च पदमा पुगेपछि तल्लो वर्गका व्यक्तिहरूले आफ्नो वर्गीय स्थिति परिवर्तन गर्नु । दोस्रो, नेपालमा हरेक ठूला राजनीतिक परिवर्तनहरू सम्झौतामा टुंगिनु । तेस्रो नेपालको राजनीतिक परिवर्तनमा भूराजनीतिको प्रभाव हुनु । त्यसैले मार्क्स (Marx, 1872) ले भनेझैं मजदुर वर्गको भविष्य अनन्तः भूमि समस्याको वास्तविक समाधानमा नै भर पर्दछ । अतः भूमिको सामाजिकीकरण नै भूमि समस्याको समाधानको बाटो हो जस्तो देखिन्छ । अनिमात्र नेपालको इतिहास र विकासको चर्चाको सन्दर्भमा भविष्यमा भूमिको अर्थ-राजनीतिसँग जोडिएको सतीको श्रापको कथा र भीममल्लको जस्तो अन्यायपूर्ण हत्या पनि अन्त्य हुनेछ ।

**References**

Bajracharya, P., Manandhar, M. D., & Bajracharya, R. (2019). *Nepal's economy in disarray: The policies and politics of development*. New Delhi, India: Adroit.

Blaikie, P. M., Cameron, J., & Seddon, J. (2000). *The struggle for basic needs in Nepal. New Delhi: Adroit Publishers.*

Gautam, R. (2005). *Nepali Congress*. New Delhi, India: Adroit Publishers.

Government of Nepal. (2006, November 21). Unofficial translation of the comprehensive peace agreement concluded between the Government of Nepal and the communist party of Nepal (Maoist). Retrieved from http://www.mofa.gov.np/November 21.doc

K.C., S. (2001). *History of the communist movement in Nepal (1949-1962)* (Vol.1). Kathmandu, Nepal: Vidyarthi Pustak Bhandar.

Karki, A. (2002). *Movements from below: land rights movement in Nepal. Inter-Asia Cultural Studies, 3*(2).

Lenin, V.I. (1917, April). The tasks of the proletariat in the present revolution [a.k.a The April Theses].

Levi, S. (2008). *Nepal: Hindu adhirajya ko iItihas, Dosro khand* [Nepal: History of Hindu kingdom, Vol.2). Patan: Himal Books.Nepal South Asia Centre [NESAC], 1998

Patanaik, U. (Ed.). (2011), *The agrarian question in Marx and his successors* (Vol. 2). New Delhi: LeftWord Books.

Pushlal. (2073 BS). *Pushpalal ka chhanieka rachanaharu* [Pushpalal's selected works] (Vol. 1). Kathmandu, Nepal: Pushpalal Smriti Pratisthan.

Rana, P. (2020). *Jung Bahadurko Jeewanyatra* [Life of Maharaja Sir Jung Bahadur Rana G.C.B., G.C.S.I. of Nepal]. Kathmandu, Nepal: Oriental Publication.

Regmi, M. C. (1976). *Landownership in Nepal*. Berkeley & Los angeles, LA: University of Calfifornia.

RodriK, D. (2004). Industrial policy for the twenty-first century. Retrieved from

Shah, P. N. (BS 2053).

Shrestha, S. B. (2019). *The Growth of Nepalese economy: An analysis* [Mini research]. Tribhuvan University, The Research Center, The Rector office. Kirtipur, Nepal.

United Communist Party of Nepal (Maoism). (2013). *Historical documents of Nepalese communist movement and people's revolution* (Vol. 1). Kathamandu, Nepal: Author.

Whetlpton, J. (2012). *A history of Nepal*. New Delhi, India: Cambridge University Press.